# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०७९ पौष २९ गते , २०७९ साल

# भाग- २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

# सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिका**

**उन्नत जातको भैंसी अनुदानमा वितरण कार्यविधि, २०७९**

## बेथानचोक गाउँपालिका

## उन्नत जातको भैंसी अनुदानमा वितरण कार्यविधि, २०७९

**प्रस्तावनाः**

बेथानचोक गाउँपालिकाको अधिकाँश वडाहरु मध्य पहाडी भू—भाग भएकोले यस क्षेत्रमा भैंसी पालनको लागी उपयुक्त ठाँउहरु तथा घाँसका प्रशस्त स्रोत भएकोले भैंसी पालनको लागि भैंसी पकेट कार्यक्रम तथा भैसी स्रोत केन्द्र स्थापना गरी बेथानचोक गाउँपालिकालाई दुधको आपूर्ती साथै राष्ट्रिय अर्थतन्त्रमा टेवा पु¥याउने उद्देश्यले गाउँ कार्यपालिकाले यो भैंसी वितरण कार्यक्रम सञ्चालन तथा ब्यबस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नामः उन्नत जातको भैंसी अनुदान तथा वितरण कार्यविधि, २०७९ रहेको छ ।

ख) कार्यविधि लागू हुने मितिः यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ

**२. कार्यविधि लागू हुने क्षेत्रः** यो कार्यविधि बेथानचोक गाउँपालिका क्षेत्र भित्र लागू हुने छ ।

**३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः**

क) उन्नत जातको भैंसी भन्नाले स्थानीय जातका भैंसीले पाएका राम्रो गुणस्तर भएको र जातीय शुद्धता भएको प्रजनन योग्य स्वस्थ भैंसीलाई जनाउनेछ ।

ख) खरिद समिति भन्नाले पालिकाले नियम अनुसार सामाग्री तथा बस्तु खरिद गर्न बनाएको समितिलाई जनाउँदछ ।

ग)“ अनुदान“ भन्नाले जम्मा लागतको पालिकाले उपलब्ध गराउने भैंसीको निश्चित मूल्यको हिस्सालाई जनाउँदछ ।

घ) सुधार“ भन्नाले उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि त्यहि जातको नाता प्रजनन ४—६ पुस्ता बाहिर गराउने भन्ने जनाउँदछ ।

(ङ) “स्थानीय तह भन्नाले बेथानचोक गाउँपालिकालाई सम्झनुपर्छ ।

उपभोक्ता भन्नाले भैंसी पालन गर्ने कृषक समूह तथा फर्म लाई जनाउनेछ ।

## ४. उन्नत जातका भैंसी वितरणको आधारः

उन्नत जातका भैंसी वितरणका लागि प्राथमिकताका आधार देहाय बमोजिम हुनेछन् ।

क कृषक ÷ कृषक समूहं कृषि फर्मले तोकिएको समयमा तोकिएको ढाँचामा पेश हुन आएका निवेदन

ख) दर्ता भई निरन्तर रुपमा व्यवसाय गरिरहेका कृषक समूह र फर्म ।

ग) निम्न वर्गका व्यक्तिहरुलाई लक्षित गरी प्राथमिकरण गरिनेछ ।

(घ) गाउँपालिका क्षेत्र भित्रका व्यवसायिक भैंसी पालन गर्ने कृषकहरुलाई प्राथमिकता दिनेछ ।

## ५.उपभोक्ताको छनौटः

क) उन्नत जातको भैंसी अनुदान प्राप्त गर्न चाहने कृषक उपभोक्ताको लागि निवेदन तथा प्रस्ताव पेश गर्न १५ दिन म्याद राखि बेथानचोक गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

ख) उन्नत जातको भैंसी अनुदानमा प्राप्त गर्न चाहने उपभोक्ताले अनुसुचि – १ बामेजिम उल्लेखित कागजात सहित बेथानचोक गाउँपालिकाको पशुपन्छी सेवा शाखामा निवेदन दिनुपर्नेछ ।

ग) उन्नत जातको भैंसी अनुदानका लागि निवेदनको ढाँचा अनुसुचि २ मा उल्लेख भए बमोजिम छ ।

घ) उपभोक्ताको छनौट गर्दा दफा ४ मा उल्लेखीत आधारहरु लिइनेछ ।

**६) आपूर्तिकर्ताको छनौट**

क) अनुदानमा उपलब्ध गराईने उन्नत जातको भैंसी आपूर्तिकर्ताको छनौट सार्वजनिक खरिद ऐन, २०७४ र सार्वजनिक खरिद नियमावली, २०७५ बमोजिम गरिनेछ ।

ख) मूल्याङ्कन समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**७. अनुदान रकमको सीमा र प्रतिशतः**

यस बेथानचोक गाउँपालिकाबाट उन्नत जातको भैंसी अनुदानमा वितरण गर्दा अनुदानको रकम देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | गाउँपालिकाको तर्फबाट लागत प्रतिशत | अनुदानग्राहीको तर्फबाट लागत प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | उन्नत जातको भैंसी अनुदान तथा वितरण कार्यविधि,२०७९ ले ताके बमोजिमको | १००% | ०% | |

**८. उन्नत जातको भैंसी वितरण प्रक्रियाः**

क) उन्नत जातको भैंसी वितरणको लागि बेथानचोक गाउँपापालिकाबाट १५ दिनको म्याद राखी प्रस्ताव आवहानक सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

ख) प्राप्त हुन आएका निवेदन र मागको आधारमा गाउँपालिकाबाट स्थलगत रुपमा निरिक्षण गरिनेछ ।

(ग) उन्नत जातको भैंसी अनुदानमा प्राप्त गर्ने कृषक समूह फर्मले कम्तिमा ४ वर्षसम्म प्रजनन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन । सो सम्बन्धमा गाउँपालिकाबाट नियमित रुपमा स्थलगत रुपमा निरिक्षण गरिनेछ ।

नोटः

यस कार्यविधिमा भएको कुनै बुँदाम बाझिएमा वा शर्तहरु थपघट गर्नु परेमा सो को निर्णय गर्ने अधिकार गाउँकार्यपालिकामा निहित हुनेछ ।

## अनुसूची—१

## दफा ५ को (ख) सँग सम्बन्धीत

उपभोक्ताले निवेदन प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरुः

क) कृषक, समूह तथा फर्मका लागि

१. समूह÷ फर्म दर्ता, नविकरण, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि ।

२. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

३.समूह÷संस्थाको निर्णयको प्रतिलिपि ।

४. नागरिकताको प्रमाण—पत्रको प्रतिलिपि ।

अनुसूची—२

दफा ५ को (ग) सँग सम्बन्धीत

अनुदानमा उन्नत जातको भैंसी प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मिति……………………

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ।
बेथानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ।
ढुखर्क, काभ्रेपालञ्चोक ।

विषयः भैंसी अनुदानमा उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा बेथानचोक गाउँपालिका वडा……स्थित…… कृषक, कृषक समूह, कृषि फर्मलाई………… सुधार कार्यमा उपयोग गर्न उन्नत जातको भैंसी अनुदान तथा वितरण कार्यविधि, २०७९ अनुसार तहाँ गाउँपालिकाको मिति……………को प्रकाशित सूचनाको आधारमा प्रस्ताव तयार पारी आवश्यक कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको गरेको छु÷छौं ।

| | |
|---|---|
| संलग्न कागजातहरु | निवेदक |
| १. | दस्तखत |
| २. | नाम थर |
| ३. | सम्पर्क नं. |
| ४. | ठेगाना |
| ५. | संस्था÷फर्मको नाम |

**आज्ञाले**

**राजेन्द्र भण्डारी**

**प्रमुख प्रशासकिय अधिकृत**